apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः १९६ ● पृष्ठः ४ ● १७ साउन २०८३ आइतबार (02 August 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## तराई-मधेशको अवस्था सामान्य बन्दै

### सुनसरीको कर्फ्यु हट्यो, जनकपुरधाम, लहान र सप्तरीको बोदेबरसाइनमा पनि कर्फ्यु हटाएर निषेधाज्ञा, वीरगन्जमा हट्यो निषेधाज्ञा

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १६ गते**




सुनसरीको देवानगन्ज गाउँपालिका-३, कप्तानगन्जमा भएको झडप र त्यसपछि सिर्जित परिस्थितिबाट अशान्त तराई-मधेशको सुरक्षा अवस्था सामान्यउन्मुख बन्दै गएको छ।

स्थानीय प्रशासनले देवानगन्जसहित सुनसरीका १० पालिकामा लगाउँदै आएको कर्फ्यु शनिबारबाट हटाएर निषेध आदेश कायम गरेको छ भने सिरहाको गोलबजारसहितका क्षेत्रमा गत बिहीबारबाट कायम भएको कर्फ्यु पनि शनिबार दुई घण्टा खुकुलो बनाएर सुरक्षा अवस्था विश्लेषण गरिएको छ। त्यस्तै, गत बिहीबारबाट कर्फ्यु लागू भएका धनुषाको जनकपुरधाम, सिरहाको लहान र सप्तरीको बोदेबरसाइनको पनि शनिबारबाट निषेधाज्ञा कायम गरिएको छ। पर्साको वीरगन्जमा निषेधाज्ञा हटेको छ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले गत आइतबारको घटनामा ज्यान गुमाएका परिवारसँग सातबुँदे सहमति गरेपश्चात् सुरक्षा अवस्था सामान्यउन्मुख बन्दै गएको बताए। 'तर पनि एक ठाउँमा भेला भएर कुनै योजना बनाउन नपाऊन् भनेर निषेध आदेश कायम गरेका छौँ,' अर्यालले भने, 'पाँचजनाभन्दा बढी भेला हुन पाइँदैन। हिँडडुल गर्न, बजार खोल्न, गाडी चलाउन रोक छैन। अहिले पनि फिल्डमा सेना, प्रहरी, सशस्त्र प्रहरी परिचालन छ।'

सुनसरीको देवानगन्जसहित क्षेत्रमा सोमबार बिहानबाट कर्फ्यु आदेश जारी भएको थियो। तर, सोमबार राति ९ बजेदेखि कर्फ्यु क्षेत्र विस्तार गर्दै१० पालिकामा अनिश्चितकालीन कायम गरिएको थियो। अवस्था सुधार हुँदै गएपछि प्रशासनले शनिबार बिहान साढे ८ देखि साँझ ५ बजेसम्मको अवधिमा निषेध आदेश परीक्षण गरिएको थियो। त्यसपछि प्रशासनले फेरि शनिबार साँझ ५ देखि आइतबार बिहान ९ बजेसम्मका

बाँकी पृष्ठ ३ ▶▶

## डलरको लोभमा फेसबुक रिलमार्फत साम्प्रदायिक विद्वेषको खेती

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १६ गते**




काउन्सिलले पत्रकार आचारसंहिता प्रतिकूल ठहर गरेका कुल ९० वटा सामग्रीमध्ये ६२ वटा त फेसबुक रिल मात्रै रहेका छन्।

प्रेस काउन्सिल नेपालले गरेको पछिल्लो विशेष अनुगमनबाट साम्प्रदायिक सद्भाव बिथोल्न र अफवाह फैलाउन परम्परागत समाचार सामग्रीभन्दा 'फेसबुक रिल' (Reels) को प्रयोग अत्यधिक रूपमा भएको पाइएको छ।

छोटो समयमा धेरै दर्शक माझ पुगेर भाइरल (Viral) हुन सकिने र 'मनिटाइजेसन' (Monetization) मार्फत आर्थिक लाभ लिन पाइने भएकाले फेसबुक रिलको दुरुपयोग बढेको प्रतिवेदनले औँल्याएको छ।

धार्मिक र साम्प्रदायिक सु-सम्बन्धमा खलल पुऱ्याउने, हिंसा र त्रास फैलाउने तथा उत्तेजना पैदा गर्ने यस्ता रिलहरूले समाजलाई थप अस्थिर बनाउने कार्य गरेको काउन्सिलको निष्कर्ष छ।

अनुगमनका क्रममा केही सामाजिक सञ्जाल पेज सञ्चालकहरूले सामग्रीबाट आर्थिक लाभ भइरहेको तर्क गर्दै उत्तेजक सामग्री हटाउन अस्वीकार गरेका काउन्सिलले जनाएको छ।

काउन्सिलले मानवीय संवेदनाभन्दा पैसालाई प्राथमिकता दिने यस्तो प्रवृत्ति पत्रकारिताको मूल मर्मविपरीत रहेको ठहर गरेको छ।

बाँकी पृष्ठ ४ ▶▶

## लामो दूरीका गाडी ठप्प, यात्रुलाई सास्ती

**अपन दैनिक संवाददाता**
**सर्लाही, साउन १६ गते**



मधेश र कोशी प्रदेशका विभिन्न जिल्लामा जारी आन्दोलनको प्रभावका कारण लामो दूरीका सवारीसाधन सञ्चालन हुन नसक्दा यात्रुले सास्ती व्यहोर्नुपरेको छ।

शुक्रबार बिहानदेखि जनकपुर, वीरगन्ज, राजविराज, विराटनगर, काकडभिट्टालगायत गन्तव्यमा सञ्चालन हुने सवारी साधन ठप्प हुँदा अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्ने सर्वसाधारण समस्यामा परेका हुन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी निरीक्षक झलक शर्माका अनुसार सर्लाही खण्डको पूर्व-पश्चिम राजमार्ग तथा भित्री सडकमा स्थानीय रुटका टेम्पु, म्याजिक र मालवाहक ट्रक सञ्चालनमा रहे पनि लामो दूरीका सवारी साधन चल्न सकेका छैनन्।

यद्यपि, काठमाडौंका लागि वीङ्गर, हायसलगायतका सवारी नियमित रूपमा सञ्चालन भइरहेका छन्। लालबन्दीस्थित टिकट काउन्टर सञ्चालक सुनिलकुमार साहका अनुसार काठमाडौं गन्तव्यका रात्रि बस पनि नियमित छुटिरहेका छन्। उनका अनुसार पूर्वी जिल्लातर्फ जाने सवारी भने पूर्ण रूपमा ठप्प छन्, जसका कारण यात्रु बसपार्कबाट फर्किन बाध्य भएका छन्।

सर्लाहीको लालबन्दी, हरिवन, नयाँरोड, बागमती, नवलपुर, फूलजोर र रानीगन्ज क्षेत्रमा बन्दको खास प्रभाव नपरेको देखिएको छ। ती क्षेत्रमा बजार खुलेका छन् र स्थानीय सवारी आवागमन पनि सामान्य रहेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख प्रहरी निरीक्षक श्याम थापा मगरले लालबन्दीको अवस्था सामान्य रहेको जानकारी दिए। बिहान खुलेको बयलवास बजार भने दिउँसो प्रदर्शन भएपछि बन्द गरिएको थियो।

हरिपुर नगरपालिका-२ का वडाध्यक्ष निलबिक्रम थापाले आफ्नो क्षेत्रमा सबै समुदायबीच सद्भाव कायम रहेको र बजार तथा जनजीवन सामान्य अवस्थामा रहेको बताए।

यता, सदरमुकाम मलङ्गवा, बयलवास र बरहथवा बजारका अधिकांश पसल तथा व्यवसाय शुक्रबार बन्द रहे पनि मानिसहरूको आवतजावत भने सामान्य रहेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जिल्लाभर शान्ति सुरक्षा व्यवस्था कडा पारिएको

बाँकी पृष्ठ २ ▶▶

## मधेशमा रोपाइँ ९१ दशमलव ५५ प्रतिशत

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १६ गते**

मधेश प्रदेशमा रोपाइँ अन्तिम चरणमा पुगेको छ। मधेश प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्म मधेश प्रदेशभर तीन लाख ५० हजार ११८ दशमलव ८८ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ। जुन कुल रोपाइँयोग्य क्षेत्रफलको ९१ दशमलव ५५ प्रतिशत हो।

मधेश प्रदेशका आठ जिल्लामध्ये सिरहामा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा सोही क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको मधेश प्रदेश कृषि विकास निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

सप्तरीमा ९० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। सप्तरीमा ६८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा हालसम्म ६१ हजार २०० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ।

धनुषामा ८५ प्रतिशत रोपाइँ भएको छ। जिल्लामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धान खेती हुने लक्ष्य रहेकामा हालसम्म ३७ हजार ३१५ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

त्यस्तै महोत्तरीमा ७४ दशमलव ७७ प्रतिशत, सर्लाहीमा ९४ प्रतिशत, रौतहटमा ९३ प्रतिशत, बारामा ९५ प्रतिशत तथा पर्सामा ९१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

मधेश प्रदेशमा कुल तीन लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएको छ। अनुकूल वर्षा र पर्याप्त सिँचाइ सुविधाका कारण यस वर्ष रोपाइँ सन्तोषजनक रूपमा अघि बढेको अधिकृत विश्वकर्माको भनाइ छ।

**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं।
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं।
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं।
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं।
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं।
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# नेपाल-चीन सम्बन्ध: विश्वासमा आधारित मित्रता

अजय अलौकिक



लाग्छ, आज विश्व नयाँ मोडमा उभिएको छ। विश्वमा शक्ति सन्तुलन तीव्र रूपमा परिवर्तन भइरहेको छ। शीतयुद्धको दुई ध्रुवीय विश्वबाट बहुध्रुवीय विश्व व्यवस्थातर्फको मोड, आर्थिक विश्वव्यापीकरण, डिजिटल क्रान्ति, कोभिड-१९ महामारी, कृत्रिम बुद्धिमत्ता र नवप्रवर्तनको फड्को मार्ने विकास, जलवायु परिवर्तनको बढ्दो असर र थपिँदै गएका भूराजनीतिक प्रतिस्पर्धाले अन्तर्राष्ट्रिय सम्बन्धको स्वरूपलाई नै पुनःपरिभाषित गरिरहेको छ।

यही प्रक्रियामा, एसिया विश्व अर्थतन्त्रको केन्द्र बन्दै गएको छ। चीन विश्व कै प्रमुख आर्थिक शक्तिमध्ये एक बनेको छ। भारत पनि तीव्र आर्थिक वृद्धितर्फ अघि बढिरहेको छ। यसरी आर्थिक प्रतिस्पर्धा, प्रविधिको तीव्र विकास, आपूर्ति शृंखलाको पुनःसंरचना तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा भइरहेका परिवर्तनले दक्षिण एसियाको रणनीतिक महत्त्व पनि बढाएको छ। अमेरिका, बेलायत, युरोपेली संघ, जापानलगायत अन्य शक्तिशाली राष्ट्रहरूले पनि नेपालसहित दक्षिण एसियामा आफ्नो सक्रियता बढाइरहेका छन्।

नेपाल भौगोलिक तथा रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण स्थानमा अवस्थित छ। उत्तरमा चीन र दक्षिणमा भारत रहेको नेपालको भूराजनीतिक अवस्थाले अवसर र चुनौती दुवै सिर्जना गरेको छ। बदलिँदो अन्तर्राष्ट्रिय भूराजनीतिक प्रतिस्पर्धाले नेपालजस्ता राष्ट्रलाई थप संवेदनशील बनाएको छ। नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर सबै छिमेकी र अन्तर्राष्ट्रिय साझेदारसँग समान सम्मान, समान दूरी र समान सहकार्यको नीति अपनाउनु नै दीर्घकालीन रूपमा हितकर हुनेछ। यद्यपि, नेपालले सन्तुलित कूटनीति अपनाउँदै उत्तर र दक्षिणका दुई छिमेकीलाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ।

हिमाल, नदी र नालाले जोडिएका दुई असल छिमेकी, नेपाल र चीनले सन् १९५५, अगस्ट १ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना गरेदेखि नै दुवै देशले पञ्चशील सिद्धान्तलाई पछ्याउँदै पारस्परिक सम्मान, सार्वभौमसत्ताको सम्मान, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्त र शान्तिपूर्ण सहअस्तित्वलाई प्राथमिकता दिँदै सम्बन्धलाई निरन्तर अगाडि बढाएका छन्। यस वर्ष कूटनीतिक सम्बन्ध ७१औं वर्षमा प्रवेश गरेको छ। सात दशकभन्दा लामो यात्रामा नेपाल चीन सम्बन्धले राजनीतिक परिवर्तन र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका अनेक उतार चढाव पार गर्दै मित्रता, पारस्परिक सम्मान, र साझा हितमा आधारित सहकार्य र सहयोगको आधारलाई कायम राख्न सफल भएको छ।

यस्ता परिवर्तनका बीच नेपाल र चीनले आफ्नो सम्बन्धलाई परम्परागत मित्रताबाट आधुनिक विकास साझेदारीमा रूपान्तरण गरेको छ। सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङको ऐतिहासिक नेपाल भ्रमणपछि दुई देश बीचको सम्बन्धलाई 'विकास र समृद्धितर्फ उन्मुख पुस्तागत मैत्रीपूर्ण रणनीतिक साझेदारी सम्बन्ध' मा उन्नत गरिएको थियो। यो उच्चस्तरीय संरचनाले नेपाल चीन सम्बन्धको दिशा स्पष्ट पारेको छ। यसले दुई देशको सम्बन्धलाई विकास र समृद्धिका लागि साझा लक्ष्यसहितको दीर्घकालीन मित्रता र आपसी विश्वासमा आधारित रणनीतिक सहकार्यको साझेदारीको तहमा उकासेको छ।

सत्तरी वर्षअघि, चीन र नेपालले हिमालय शृंखलाको अवरोधलाई पार गर्दै सुरु गरेको दुई देश बीचको मैत्रीपूर्ण आदानप्रदान आज व्यापक क्षेत्रमा फैलिएको रणनीतिक सहकार्य साझेदारीमा विकास भइसकेको छ। र, यो राजनीतिक विश्वासको आधारशिला भनेको एक अर्काको मूल हितप्रति दृढ समर्थन नै हो।

नेपाली पक्षले एक चीन सिद्धान्तमा प्रतिबद्ध रहेको तथा थाइवान र तिब्बतका विषयहरू चीनको आन्तरिक मामिला भएको कुरा पटकपटक दोहोर्याउँदै आएको छ। नेपालले कुनै पनि शक्तिलाई नेपालको भूमि प्रयोग गरी चीनको हित विपरीत कार्य गर्न नदिने प्रतिबद्धता जनाएको छ। चीनले पनि नेपाललाई आफ्नो छिमेक कूटनीतिको महत्त्वपूर्ण स्थानमा राख्दै नेपालको सार्वभौमिकता, स्वतन्त्रता र आफ्नो देशको परिस्थितिअनुसार विकासको मार्गको समर्थन गर्दै आएको छ।

चिनियाँ दृष्टिकोणलाई हेर्दा चीनले नेपालमा राजनीतिक स्थिरता, आर्थिक विकासमा विशेष चासो राख्दै आएको स्पष्ट बुझिन्छ। चीनका लागि नेपालमा कुन पार्टीको सरकार भन्नेभन्दा पनि नेपालले स्थिर, शान्त र विकासको बाटो पहिल्याओस् भन्ने नै महत्त्वपूर्ण देखिन्छ। यसर्थ, नेपाल चीन सम्बन्धको कूटनीतिक स्थापना दिवस केवल विगत सम्झने अवसरमात्रै होइन, भविष्यको साझा मार्गचित्र तयार गर्ने अवसर पनि हो।

बदलिँदो विश्व व्यवस्था, नयाँ राजनीतिक परिस्थिति र आर्थिक प्रतिस्पर्धाका बीच नेपाल र चीनले आपसी सम्मान, समानता, विश्वास र साझा हितका आधारमा सम्बन्धलाई अझ उच्चाइमा पुर्याउनसक्ने पर्याप्त सम्भावना छ। यसका लागि पारस्परिक विश्वासलाई अझ संस्थागत बनाउनुपर्छ।

मित्रताको सबैभन्दा बलियो आधार विश्वास हो। विश्वासबाट मित्रता हुन्छ अनि मित्रता बीचको आपसी सम्मानले सम्बन्धलाई बलियो बनाउँछ र त आर्थिक सहकार्यको बाटो खोल्छ अनि साझा समृद्धितर्फ अग्रसर हुनसकिन्छ। त्यसैले आगामी दशकहरूको नेपाल चीन सम्बन्ध प्रतिस्पर्धाभन्दा सहकार्यमा, निर्भरताभन्दा साझेदारीमा र सन्देह होइन विश्वासको मित्रतामा आधारित हुनुपर्छ।

साथै, अन्तर्राष्ट्रिय परिस्थिति वा आर्थिक उतारचढाव र सरकार परिवर्तनले समेत विश्वासमा असर नपार्ने वातावरण निर्माण गर्नु टड्कारो आवश्यकता छ। यसै गरी, विकास साझेदारीलाई अझ परिणाममुखी बनाउनु र ती परियोजनाबाट जनताको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउनु अर्को जिम्मेवारी हो। दुई छिमेकी राष्ट्रबीचको मित्रतालाई अब ज्ञान, नवप्रवर्तन, हरित विकास, पारस्परिक सम्मान र साझा समृद्धिको नयाँ उचाइमा पुर्याइनु पर्छ।

नयाँ समयमा सम्बन्ध नविकरणको उद्देश्यसहित नेपाली परराष्ट्रमन्त्री शिशिर खनालले गत जुनमा चीनको भ्रमण गरेका थिए। परराष्ट्रमन्त्री खनालले नेपालमा नयाँ सरकार गठनपछिको चीनको पहिलो औपचारिक भ्रमण भएको भन्दै दुई देश बीच उच्चस्तरीय भ्रमणको आदानप्रदानको शृंखला सुरू गर्न र नेपाल सरकार तथा (रास्वपा) पार्टीको प्राथमिकताका विषयसम्बन्धमा चीनसँग छलफल गर्ने बताएका थिए। उनले अत्यन्त महत्त्वपूर्ण छिमेकी राष्ट्र चीनको विकास अनुभवबाट सिक्न चाहेको र दुई पक्षीय सम्बन्धलाई सुद्ढ र गहिरो बनाउन चाहेको पनि औंल्याए।

अवश्य पनि, उनको भ्रमण सन्देह र शंकालाई हटाउन एउटा पुलेसो बन्न सफल भएको छ। सो भ्रमण क्रममा, उनी दूतावासद्वारा आयोजित लगानी सम्मेलनमा उपस्थित पनि भएका थिए। साथै, चीनका लागि नेपाली दूतावासले हालसालै नेपाल-चीन व्यापार तथा लगानी सम्बन्धी दुई दिने सम्मेलनको आयोजना पनि गरेको थियो। नेपाली पक्षले चिनियाँ उद्यमीलाई निष्पक्ष, कानुनी र मैत्रीपूर्ण लगानी वातावरण प्रदान गर्ने प्रतिबद्धता जनाएको थियो। तर विडम्बना भनुँ या विरोधाभास, चीनको बेल्ट एन्ड रोड संयुक्त निर्माणको उल्लेख गरिएको पाइएन। सायद, बाह्य राजनीतिक दवाबले 'बेल्ट एन्ड रोड' आयोजनालाई नेपाल सरकारले खुलेर समर्थन गरेको देखिन्न। यद्यपि नेपालले यसको फ्रेमवर्कमा समेत हस्ताक्षर गरिसकेको छ र सोही परियोजनाअन्तर्गत विभिन्न योजना, परियोजना सञ्चालनमा पनि छन्। सन् २०१७ मा नेपाल 'बेल्ट एन्ड रोड' पहलमा सामेल भएको थियो भने सन् २०२४ डिसम्बरमा सहकार्यको रूपरेखा सम्झौतामा हस्ताक्षर भएसँगै यो सहकार्य नयाँ चरणमा प्रवेश गरेको हो।

बाँकी पृष्ठ ४ ▸▸

## सम्पादकीय...

### सहज बन्दै मधेश, अब न्यायको खाँचो

सुनसरीको देवानगञ्जबाट सुरु भएको दुई समुदायबीचको विवादले केही दिनयता मधेशका विभिन्न जिल्लामा तनाव सिर्जना गर्‍यो। सामाजिक सद्भावलाई चुनौती दिने घटनाले स्थानीय नागरिकमा त्रास फैलायो, जनजीवन प्रभावित बन्यो र आर्थिक गतिविधिसमेत ठप्प हुने अवस्था आयो। तर सरकारका तर्फबाट गृहमन्त्री सुदन गुरुङको नेतृत्वमा सरोकारवाला पक्षसँग भएको वार्ता र सहमतिपछि विस्तारै वातावरण सहज बन्दै गएको देखिन्छ। बन्द रहेका पसल खुल्न थालेका छन्, सवारीसाधन सञ्चालनमा आउन थालेका छन् र नागरिक जीवन सामान्य लयमा फर्किने संकेत देखिएको छ। यो सकारात्मक पक्ष हो। तर, शान्ति भनेको बजार खुल्नु वा सवारीसाधन सञ्चालन हुनु मात्र होइन। दीर्घकालीन शान्तिका लागि न्याय, निष्पक्षता र राज्यप्रतिको विश्वास अझ महत्वपूर्ण हुन्छ। सुनसरीमा भएको झडप र त्यसक्रममा भएको गोली प्रहारबाट नागरिकको ज्यान गएको घटनाले धेरै गम्भीर प्रश्न उठाएको छ। यस्तो अवस्थामा सरकारले घटनाको निष्पक्ष, पारदर्शी र विश्वसनीय छानबिन गर्न कुनै ढिलाइ गर्नु हुँदैन। कानुनभन्दा माथि कोही छैन भन्ने सन्देश दिन दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्छ।

मृतकहरूको अन्तिम संस्कार सम्पन्न भइसकेको छ। तर परिवारको पीडा र समाजमा उत्पन्न भएको असन्तुष्टि समयसँगै हराउँदैन। पीडित परिवारले न्यायको अनुभूति गर्नुपर्छ र नागरिकले राज्यले निष्पक्ष व्यवहार गरिरहेको विश्वास गर्नुपर्छ। यदि घटनाको अनुसन्धानमा ढिलासुस्ती भयो वा राजनीतिक प्रभावका आधारमा सत्य लुकाउने प्रयास गरियो भने अहिलेको शान्त वातावरण फेरि अस्थिर बन्न सक्ने जोखिम रहन्छ। गृहमन्त्रीको उपस्थितिमा भएको सहमतिलाई कागजमा मात्र सीमित हुन दिनु हुँदैन। सम्झौतामा उल्लेख भएका बुँदाहरू समयमै कार्यान्वयन गर्नु सरकारको पहिलो दायित्व हो। वार्ताबाट सिर्जना भएको विश्वासलाई व्यवहारमा रूपान्तरण गर्न सकिएन भने भविष्यमा यस्ता घटनामा सरकारी प्रतिबद्धताप्रति नागरिकको भरोसा कमजोर हुन सक्छ। त्यसैले सम्बन्धित निकायले सहमतिका प्रत्येक बुँदाको कार्यान्वयनमा सक्रियता, पारदर्शिता र जवाफदेहिता देखाउन आवश्यक छ।

मधेश विविध भाषा, संस्कृति र समुदायको साझा भूमि हो। यहाँको सामाजिक सद्भाव नै यसको सबैभन्दा ठूलो शक्ति हो। कुनै पनि विवादलाई धार्मिक, जातीय वा सामुदायिक द्वन्द्वमा रूपान्तरण हुन नदिन राजनीतिक दल, नागरिक समाज, स्थानीय नेतृत्व, सञ्चारमाध्यम र सर्वसाधारण सबैले संयमता अपनाउनुपर्छ। सामाजिक सञ्जालमार्फत फैलाइने अपुष्ट सूचना, उत्तेजक अभिव्यक्ति र घृणालाई पनि जिम्मेवारीपूर्वक नियन्त्रण गर्नुपर्ने आवश्यकता छ। राज्यको भूमिका निष्पक्ष संरक्षकको हुनुपर्छ, कुनै पक्षको होइन। कानुनको समान कार्यान्वयन, पीडितलाई न्याय, दोषीलाई कारबाही र समुदायबीच विश्वास पुनःस्थापना गर्न सकियो भने मात्र अहिले देखिएको सहजता स्थायी शान्तिमा रूपान्तरण हुनेछ। मधेशलाई अहिले सबैभन्दा बढी आवश्यक छ, शान्ति, न्याय र विश्वास। सरकारले यी तीनै पक्षलाई समान प्राथमिकतामा राखेर अघि बढ्न सके मात्र नागरिकले राज्यमाथि भरोसा गर्नेछन् र मधेश पुनः सद्भाव, सहअस्तित्व र विकासको बाटोमा दृढतापूर्वक अघि बढ्नेछ।

### लामो दूरीका गाडी ठप्प, यात्रुलाई ..........

जानकारी दिँदै केही स्थानमा शान्तिपूर्ण प्रदर्शन बाहेक समग्र अवस्था सामान्य रहेको बताए। सामाजिक सद्भाव कायम राख्न सुरक्षा निकाय, धार्मिक अगुवा तथा राजनीतिक दलका प्रतिनिधिसँग निरन्तर समन्वय र बैठक भइरहेको उनले बताए।

## आजको राशिफल

**मेष** : तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ, जसले गर्दा कठिन चुनौतीहरू सहजै पार हुनेछन्।

**बृष** : आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ र धन सञ्चय गर्न सफलता मिल्नेछ।

**मिथुन** : (नोटस् यो राशिको नेपाली नाम धनु हो) तपाईंको मान(सम्मान र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ।

**कर्कट** : आज खर्चमा केही वृद्धि हुन सक्छ, त्यसैले अनावश्यक विलासिताका सामानमा धन खर्च नगर्नुहोला।

**सिंह** : आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो नाफा मिल्नेछ।

**कन्या** : कार्यक्षेत्र र व्यापारमा ठूलो सफलता मिल्नेछ, जसले गर्दा करियरमा सकारात्मक परिवर्तन आउनेछ।

**तुला** : भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरू पुनः सुचारु हुनेछन्।

**वृश्चिक** : आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ, त्यसैले खानपान र आराममा विशेष ध्यान दिनुहोला।

**धनु** : वैवाहिक जीवन र प्रेम सम्बन्ध सुखमय रहनेछ, जीवनसाथीसँगको आपसी समझदारी अझ बलियो हुनेछ।

**मकर** : स्वास्थ्यमा राम्रो सुधार आउनेछ र तपाईंमा नयाँ ऊर्जाको सञ्चार हुनेछ।

**कुम्भ** : बौद्धिक र रचनात्मक काममा ठूलो सफलता मिल्नेछ, जसले गर्दा कार्यस्थलमा प्रशंसा हुनेछ।

**मीन** : आज पारिवारिक सुख र शान्तिमा केही कमी महसुस हुन सक्छ, त्यसैले घरभित्रका कुरामा धैर्य राख्नुहोला।

राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म



माँ भगवति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# सेनाद्वारा ३२ सडक आयोजना सम्पन्न, १,४०० किलोमिटर सडक निर्माण

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १६ गते**

नेपाली सेनाले जटिल भूबनोट भएका ३२ सडक आयोजनाका सम्पन्न गरी एक हजार ४११.५४ किलोमिटर सडक निर्माण गरेको छ।

सेनाको व्यवस्थापनमा हालसम्म कान्ति लोकमार्ग, कर्णाली राजमार्ग, जाजरकोट-डोल्पा, बेँसीसहर-चामे, कालीगण्डकी करिडोर, कर्णाली करिडोरलगायत आयोजना सम्पन्न भइसकेका छन्।




सरकारले दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने क्रममा कठिन भौगोलिक बनावट, कडा चट्टानयुक्त भिर तथा निर्माण गर्न कठिन मानिएका सडकखण्डको जिम्मा सेनालाई प्रदान गर्दै आएको छ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेत सीमित स्रोतसाधन, प्रतिकूल मौसम तथा जटिल भूबनावटको बाबजुद सेनाले यस्ता राष्ट्रिय गौरव तथा प्राथमिकताका सडक आयोजना सफलतापूर्वक कार्यान्वयन गर्नुका साथै वार्षिक 'माइलस्टोन' शतप्रतिशत पूरा गर्दै राष्ट्र निर्माणमा उल्लेखनीय योगदान पुर्याइरहेको बताउँछन्।

पूर्वी नेपालको रणनीतिक महत्वको खाँदबारी-किमाथाङ्का (च्याम्ताङ्ग-घोङ्गप्पा) सडक आयोजनाअन्तर्गत सेनाले १०.५१ किलोमिटर सडक निर्माण सम्पन्न गरी गत वैशाख २८ गते सडक विभागलाई हस्तान्तरण गरेको छ। यस आयोजनाले किमाथाङ्का क्षेत्रमा स्थानीय विकास तथा भविष्यमा व्यापारिक गतिविधि प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ।

हाल सेनाले मुख्यगरी कर्णाली करिडोर, दार्चुला-टिङ्कर र बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ गरी तीन सडकमार्ग निर्माण गरिरहेको छ। महाकाली करिडोरअन्तर्गत दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर) सडक आयोजना क्षेत्रमा ७९ किलोमिटर सडक निर्माणको कार्य हुँदै आएको छ।

अत्यन्त कठिन हिमाली भूभाग, कडा चट्टानयुक्त भिर तथा प्रतिकूल मौसमका बाबजुद १९.८० किलोमिटर सडक निर्माण गरी आर्थिक वर्ष २०८२/८३ को शतप्रतिशत कार्य सम्पन्न भएको सेनाले जनाएको छ। हालसम्म उक्त आयोजनाको भौतिक प्रगति २५.०६ प्रतिशत छ।

बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनाले मनास्लु संरक्षण क्षेत्रभित्र पर्ने ९२ किलोमिटर जिम्मेवारी क्षेत्रमध्ये हावाडाँडा-दोभान सडक खण्ड (१८ किमी) निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकेको छ। आव २०८२/८३ सम्म सो आयोजनाको ४०.८ किमी (४४.३५ प्रतिशत) भौतिक प्रगति हासिल भएको छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कर्णाली करिडोर सेनाले निर्माण गरिरहेको प्रमुख सडक आयोजना हो। हुम्लाको हिल्सादेखि बाँकेको जमुनाहासम्म फैलिएको ६८२ किलोमिटर लामो सो करिडोरअन्तर्गत लालीबगर-दुल्लिकुन्ना तथा घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला गरी २२.०५ किलोमिटर सडक सेनाले निर्माण गर्दै आएको छ।

लालीबगर-दुल्लिकुन्ना खण्डको ट्र्याक निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकिएको छ। घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्डमा निर्माण जारी छ। आव २०८२/८३ सम्म १९ किलोमिटर सडक निर्माण गरी शतप्रतिशत कार्य सम्पन्न गरेको छ।

समग्रमा हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ८६.१७ प्रतिशत हासिल भएको छ। कर्णाली करिडोरले राष्ट्रिय सडक सञ्जालसँग हुम्लालाई जोड्नका लागि नेपाली सेनाले हिल्सा-सिमकोट सडकखण्डको खार्पुनाथ गाउँपालिका-५ स्थित

बाँकी पृष्ठ ४ ▶▶




# अमेरिकी भिसा पाउन नेपालीले अब ३० लाख रूपैयाँसम्म धरौटी राख्नुपर्ने

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १६ गते**

अमेरिकाले नेपालसहित ५० देशका नागरिकका लागि लागू गरेको पर्यटकीय तथा व्यापारिक भिसासम्बन्धी 'भिसा धरौटी' प्रणालीलाई स्थायी बनाउने निर्णय गरेको छ।

अमेरिकी विदेश मन्त्रालयले एक वर्षसम्म सञ्चालन गरिएको परीक्षण कार्यक्रम सफल भएको निष्कर्ष निकाल्दै उक्त व्यवस्थालाई स्थायी नियमका रूपमा लागू गर्ने निर्णय गरेको हो।




नयाँ व्यवस्थाअनुसार अमेरिका भ्रमण वा व्यापारिक प्रयोजनका लागि बी-१ र बी-२ भिसाका लागि आवेदन दिने नेपाली नागरिकले भिसा प्राप्त गर्नुअघि अनिवार्य रूपमा कम्तीमा १० हजारदेखि अधिकतम २० हजार अमेरिकी डलरसम्म धरौटी राख्नुपर्नेछ। नेपाली रुपैयाँमा यो रकम करिब ३० लाख रुपैयाँसम्म पुग्न सक्छ।

यसअघि परीक्षण कार्यक्रम सञ्चालनका क्रममा कन्सुलर अधिकारीको विवेकमा ५ हजारदेखि १५ हजार अमेरिकी डलरसम्म धरौटी तोक्ने व्यवस्था थियो। तर नयाँ नियम लागू भएपछि ५ हजार डलरको विकल्प हटाइएको छ। अब १० हजार र २० हजार अमेरिकी डलर गरी दुईवटा विकल्प मात्र कायम गरिएको छ।

यो रकम भिसा अन्तर्वार्ताअघि नै जम्मा गर्नुपर्नेछ। भिसा अस्वीकृत भएमा वा अमेरिका प्रवेश गरेपछि भिसाको अवधि समाप्त हुनुअघि नियमअनुसार स्वदेश फर्किएमा धरौटी रकम पूर्ण रूपमा फिर्ता गरिने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ।

**नेपालसहित ५० देशमा लागू**

यो व्यवस्था मुख्य रूपमा अमेरिका भ्रमण, पर्यटन तथा व्यापारिक प्रयोजनका लागि बी-१ र बी-२ भिसा आवेदन दिने नागरिकका लागि लागू हुनेछ।

दक्षिण एसियाबाट नेपाल, बंगलादेश र भुटान यस सूचीमा परेका छन्। त्यस्तै, अफ्रिकाका अधिकांश मुलुकसहित विश्वका ५० देशका नागरिकलाई यो व्यवस्थाको दायरामा राखिएको छ।

अमेरिकाले भिसाको अवधि सकिएपछि पनि गैरकानुनी रूपमा बस्ने अर्थात् 'भिसा ओभरस्टे' गर्ने प्रवृत्ति नियन्त्रण गर्न यो व्यवस्था लागू गरेको जनाएको छ।

अमेरिकी सरकारी तथ्यांकअनुसार भिसाको अवधि नाघेर बसेका व्यक्तिलाई पक्राउ गरी स्वदेश फिर्ता गर्न प्रतिव्यक्ति करिब १८ हजार अमेरिकी डलर खर्च हुने भएकाले यस्तो व्यवस्था गरिएको हो।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

## तराई-मधेशको अवस्था सामान्य .............

लागि निषेध आदेश कायम गरेको छ। कप्तानगन्जमा गत आइतबार राति भएको झडपका क्रममा ज्यान गुमाएका २४ वर्षीय ओमप्रकाश मेहता र २२ वर्षीय जयप्रकाश मेहताको शव आफन्तले बुझेर शुक्रबार दाहसंस्कार गरिसकेका छन्।

त्यसैगरी, सिरहा प्रशासनले गत बिहीबार दिउँसो २ बजेदेखि सिरहाको गोलबजार क्षेत्रमा लगाएको कर्फ्यु शनिबार अपराह्न ३ देखि साँझ ५ बजेसम्मका लागि केही खुकुलो बनाएको छ। सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सुरक्षा अवस्थाको विश्लेषण र आमसर्वसाधारणले दैनिक उपभोग्य सामाग्री व्यवस्थापन गर्न दुई घण्टाका लागि कर्फ्यु खुकुलो गरिएको बताए। उक्त अवधिमा गोलबजार क्षेत्र हुँदै सञ्चालन हुने लामो दूरीका सवारीसाधन सञ्चालन भएका थिए। कर्फ्यु खुकुलो पारिएको अवधिमा पाँचजनाभन्दा बढी समूह भेला जम्मा नहुनसमेत सूचित गरिएको थियो। तर, राति भने कर्फ्युमा कडाइ गरिएको छ। गत बिहीबार अपराह्न ४ बजेदेखि कायम भएको लहानको कर्फ्यु भने ४२ घण्टापछि शनिबार बिहान १० बजेदेखि हटाइएको छ। गोलबजार क्याम्पस चोकमा भएको झडपमा एकजनाको मृत्यु भएको थियो। गृहमन्त्री सुधन गुरुङ आफैं देवानगन्ज पुगेर बिहीबार राति परिवारसँग सातबुँदे सम्झौता गरेपछि आफन्तले शव बुझेका थिए।

**सातबुँदे सहमतिपछि उठ्यो गणेशको शव**

**परिवारका सदस्यलाई रोजगारी र निःशुल्क शिक्षा दिने सहमति**

सिरहाको गोलबजार नगरपालिका-४ क्याम्पस चोकमा बिहीबार दिउँसो गोली लागेर ज्यान गुमाएका औरही गाउँपालिका- २ तुलसीपुर गाउँका १७ वर्षीय गणेश यादवको शव शनिबार साँझ गाउँ लगेर गागनखोला किनारमा दाहसंस्कार गरिएको छ। सुनसरीको धरानस्थित बिपी कोइराला स्वास्थ्य प्रतिष्ठानमा पोस्टमार्टम गरी सेनाको हेलिकोप्टरमार्फत शव ल्याएर दाहसंस्कार गरिएको हो।

सुनसरीको कप्तानगन्जमा गत आइतबार राति भएको झडपका क्रममा ज्यान गुमाएका २४ वर्षीय ओमप्रकाश मेहता र २२ वर्षीय जयप्रकाश मेहताको शव आफन्तले बुझेर शुक्रबार दाहसंस्कार गरेका छन्। गृहमन्त्री सुधन गुरुङ आफैं देवानगन्ज पुगेर बिहीबार राति परिवारसँग सातबुँदे सम्झौता गरेपछि आफन्तले शव बुझेका थिए। गत बिहीबार गोलबजारको प्रदर्शनमा प्रहरीको गोली लागेर गणेशको मृत्यु भएको थियो। शुक्रबार मध्यरातमा सिरहाका सांसदहरू बब्लु गुप्ता, शिवशंकर यादवसहित तुलसीपुर गाउँ पुगेका गृहमन्त्री गुरुङ र मृतकका परिवारबिच सातबुँदे सम्झौता भएपछि शव उठेको हो। मृतकका बाबु रामवृक्ष यादव र गृहमन्त्री गुरुङले हस्ताक्षर गरेको सम्झौताअनुसार सरकार पक्षले सम्बन्धित परिवारले राखेका माग यथाशीघ्र सम्बोधन गर्ने प्रतिबद्धता गरिएको छ। सहमतिअनुसार सरकारबाट सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने, मृतकका परिवारलाई सरकारका तर्फबाट १० लाख रुपैयाँ राहत उपलब्ध गराउने, गोलबजार क्षेत्रमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीमाथि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया तत्काल अगाडि बढाइने उल्लेख छ।

त्यस्तै, मृतकका परिवारका एकजना योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउने, घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुनबमोजिम यथाशीघ्र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाउने, मृतकको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा स्मृति पार्क तथा आवास निर्माणका लागि आवश्यक पहल गर्ने सहमति भएको छ। सहमतिअनुसार मृतकका भाइबहिनीको निःशुल्क शिक्षा र नेपाल सरकारका तर्फबाट बाबुआमाको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाउनेसहितको सहमति भएको थियो। गणेशको घर रहेको औरही गाउँ कार्यपालिकाको निर्णयअनुसार उनको परिवारलाई राहतस्वरुप १० लाख रुपैयाँ दिइने भएको छ।

**सरकार र हिन्दुवादी मोर्चाबिच ११ बुँदे सहमति, आन्दोलन फिर्ता लिने**

मधेश प्रदेशका विभिन्न जिल्लामा पछिल्ला दिनमा उत्पन्न तनावपूर्ण अवस्था समाधानका लागि गृहमन्त्री सुधन गुरुङ र आन्दोलनरत हिन्दुवादी संगठनका प्रतिनिधिबिच शनिबार राति ११ बुँदे सहमति भएको छ। शनिबार साँझ करिब ८ बजेदेखि सुरु भएको वार्तामा मधेश प्रदेश सरकार, सुरक्षा निकाय र आन्दोलनकारी पक्षका प्रतिनिधि सहभागी थिए।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले मोर्चासँग ११ बुँदे सहमति भएको बताए। उनका अनुसार हिन्दुवादी मोर्चाले बुझाएको १३ बुँदे मागको विषयमा गृह मन्त्रालयले गम्भीरतापूर्वक छलफल गर्ने सहमति भएको छ। आन्दोलनकारी पक्षले उठाउँदै आएको नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने मागको विषयमा तीन महिनाभित्र सर्वदलीय बैठकमा छलफल गर्ने सहमति भएको छ। मोर्चाले आइतबारदेखि सम्पूर्ण आन्दोलनका कार्यक्रम फिर्ता लिने छ।

# सप्तरीमा सितापुर-हरिहरपुर सडक निर्माण तीव्र, ५० प्रतिशत काम सम्पन्न

अपन दैनिक संवाददाता
राजविराज, साउन १६ गते



मधेश प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र एक पक्की सडक' कार्यक्रमअन्तर्गत सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा निर्माणाधीन सितापुर-हरिहरपुर सडकको काम तीव्र गतिमा अघि बढेको छ। करिब पाँच किलोमिटर लामो दुई लेनको सडकको हालसम्म ५० प्रतिशत भौतिक र ४५ प्रतिशत वित्तीय प्रगति भएको छ।

भौतिक पूर्वाधार विकास कार्यालय सप्तरीका प्रमुख कृष्णदेव झाले १२ करोड ४५ लाख ४९ हजार रुपैयाँ लागतको सडक निर्माणका लागि २०८२ असार ६ गते ठेक्का सम्झौता भएको जानकारी दिए। उनका अनुसार आरके निर्माण सेवा, इनरुवा (सुनसरी) ले २०८४ असार ५ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम गरिरहेको छ।

निर्माणाधीन सडक सितापुर कोलोनी चोकदेखि इटहरवा, नयाँ इटहरवा, इकाराहा हुँदै हरिहरपुर र मैटगढीसम्म पुग्नेछ। सडक निर्माणपछि गाउँपालिकाको वडा नम्बर २ र ३ का बस्तीहरूको राजविराजसँग सहज सडक पहुँच स्थापित हुने अपेक्षा गरिएको छ।

गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीले वर्षौंदेखि कच्ची सडकका कारण स्थानीयले वर्षायाममा सास्ती भोग्दै आएको उल्लेख गर्दै सडक सम्पन्न भएपछि यातायात सेवा नियमित हुने, गाउँ-सहरको दूरी घट्ने र जनजीवन सहज बन्ने विश्वास व्यक्त गरे।

स्थानीयवासीका अनुसार सडक निर्माणबाट सितापुर कोलोनी, इटहरवा, नयाँ इटहरवा, इकाराहा, हरिहरपुर, मैटगढी र दिघवालगायत करिब एक दर्जन गाउँका हजारौं नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्। वर्षायाममा हुने हिलो, धुलो र बर्खे खोलाका कारणको आवतजावत समस्या हट्नुका साथै एम्बुलेन्स, विद्यालय बस तथा सार्वजनिक सवारी सञ्चालनमा सहजता आउने अपेक्षा गरिएको छ।

स्थानीय भगवती चौधरीले सडक कालोपत्रे हुनु ग्रामीण बासिन्दाको वर्षौंदेखिको सपना साकार हुने बताए। हेमनारायण चौधरीले सडक निर्माणले कृषि उपजको बजारीकरण सहज बनाउने, ढुवानी खर्च घटाउने र स्थानीय व्यापार-व्यवसाय विस्तारमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

स्थानीयवासीले निर्माण कम्पनी र सम्बन्धित निकायसँग गुणस्तरीय, पारदर्शी र तोकिएको समयभित्र सडक निर्माण सम्पन्न गर्न आग्रह गरेका छन्। उनीहरूको विश्वास छ कि यस सडकले क्षेत्रको आर्थिक, सामाजिक तथा कृषि विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ।




# सरकार पाँच वर्ष नटिक्ने पाँच महिनामै देखिइसक्यो, हामीले धेरै पर्खिनुपर्दैन : कुलमान घिसिङ

अपन दैनिक संवाददाता
काठमाडौं, साउन १६ गते




उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले बालेन शाह नेतृत्वको सरकार पाँच वर्ष नटिक्ने कुरा पाँच महिनामै देखिइसकेको टिप्पणी गरेका छन्। शनिबार पार्टीको एक कार्यक्रमलाई सम्बोधन गर्दै घिसिङले उज्यालो नेपाल पार्टीले देश चलाउन धेरै पर्खिनुनपर्ने बताएका हुन्।

'स्थानीय र प्रदेशको चुनाव चाँडै नै आउँदैछ। त्यसमा उज्यालो नेपाल पार्टीको सशक्त भूमिका रहनेछ। त्यसपछिको चुनावमा उज्यालो नेपाल पार्टीले यो देशको नेतृत्व गर्नेछ,' घिसिङले भने, 'पाँच वर्षको सरकार भनेको छ, पाँच वर्ष नटिक्ने अवस्था पाँच महिनामै देखिइसकेको छ। हामीले पाँच वर्ष पनि कुरिरहनुपर्छ जस्तो मलाई लाग्दैन।'

यसैले उज्यालो नेपाल पार्टी यो देशको विकल्पका रूपमा देखिनुपर्ने उनले बताए।

उज्यालो नेपाल पार्टी गत निर्वाचनमा हारेर पनि जितेको घिसिङले दाबी गरे। उनले भने, 'हारेर नेपाली जनताले सबैभन्दा बढी माया गर्ने पार्टी उज्यालो नेपाल पार्टी हो। अहिले तपाईं गाउँगाउँ, घरघरमा जानुस् यो पार्टीको नेतृत्व पङ्क्तिप्रति विश्वास छ। तपाईंहरू जित्नुपर्थ्यो, हामीले गल्ती गर्‍यौं भन्ने महशुस भइसकेको छ।'

जनताको विश्वास भएसम्म पार्टी अगाडि बढ्ने उनले बताए। पुराना पार्टीप्रति जनताको विश्वास टुटिसकेको बताउँदै ती पार्टीले जेसुकै भनेपनि नपत्याउने उनले दाबी गरे।

पुराना पार्टीका राम्रा नेतालाई उज्यालो पार्टीमा ठाउँ खाली रहेको बताउँदै उनले आउन आग्रह गरे।

## सेनाद्वारा ३२ सडक आयोजना ............

चुवाखोलामा गत आसार २२ गते बेलिब्रिज जडान गरेको थियो। त्यसबाट कर्णालीको हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्दै राष्ट्रको आर्थिक तथा सामरिक महत्वलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको सेनाले जनाएको छ।

संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा सेनाले राष्ट्रिय गौरव तथा प्राथमिकता र दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने आयोजनामा नयाँ ट्र्याक निर्माण, ट्र्याक स्तरोन्नति, आवश्यक पूर्वाधार निर्माण तथा सम्बन्धित निकायलाई हस्तान्तरणसम्मका कार्य निर्धारित मापदण्डअनुसार सञ्चालन गर्दै आएको छ।

ती आयोजनाको मूल उद्देश्य दुर्गम तथा रणनीतिक महत्वका सडकखण्ड निर्माण गरी राष्ट्रिय सडक सञ्जाल विस्तार गर्नु तथा सामाजिक, आर्थिक विकास र राष्ट्रिय सुरक्षालाई दीर्घकालीन रूपमा सुदृढ बनाउनु हो। दुर्गम क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्नुका साथै आर्थिक, सामाजिक, सामरिक तथा रणनीतिक दृष्टिले राष्ट्रलाई दीर्घकालीन लाभ पुर्‍याएको सेनाले जनाएको छ।

उपलब्ध स्रोतसाधनको उच्चतम् उपयोग गर्दै कठिन र चुनौतीपूर्ण भूभागमा समेत विकास निर्माणको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी राष्ट्रले सुम्पेको अभिभारा निर्वाह गर्दै आएको सेनाले जनाएको छ।

विशेषगरी सामरिक महत्वका सडकले हिमाली, पहाडी र तराई क्षेत्रलाई जोड्नुका साथै पहुँच विस्तार गरी व्यापार, पर्यटन, विपद् व्यवस्थापन तथा स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने आधार तयार गर्ने सेनाको विश्वास छ। नेपालको दिगो आर्थिक विकास, पहुँच विस्तार तथा राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउने आधारभूत पूर्वाधारमध्ये सडक सञ्जालको विशेष महत्व रहेको छ।

## नेपाल-चीन सम्बन्ध : विश्वासमा आधारित ............

दूतावासको प्रसंगमा यो पनि उल्लेख गर्नु उपयुक्त हुन्छ कि हाल दूतावास कार्यवाहकबाट सञ्चालित छ। अत्यन्त महत्त्वपूर्ण छिमेकी राष्ट्रमा नै राजदूत पद खाली राखिरहनु कति उचित होला ? देशको प्रतिनिधित्व गर्न चीनका लागि राजदूतसमेत खटाइएको छैन।

नेपाल र चीन बीचको सम्बन्ध संस्कृति र सभ्यताको साझा यात्राबाट सुरु भएको हो। बुद्धभद्र, भृकुटी, अरनिको तथा बौद्ध सभ्यताले दुई देशका जनतालाई सदीयौंदेखि जोड्दै आएको हो। आधुनिक कूटनीतिक सम्बन्ध स्थापना भएपछि यी ऐतिहासिक सम्बन्धहरू राजनीतिक, आर्थिक, शिक्षा, स्वास्थ्य, सांस्कृतिक तथा पूर्वाधार विकासका क्षेत्रमा विस्तार हुँदै गएका छन्। चीन नेपालको प्रमुख विकास साझेदारमध्ये एक हो। नेपाल र चीन बीचको सम्बन्ध हिमाल पार गर्ने बहुआयामिक सहकार्य साझेदारीमा रुपान्तरण भएको छ। यसबाहेक, चिनियाँ राष्ट्रपति सी चिनफिङले छिमेकी बलियो भएमा आफू पनि बलियो हुने भन्ने धारणा बारम्बार दोहोर्‍याउने गरेका छन्। त्यसैले पनि चीनले नेपालको विकासलाई प्राथमिकतामा राख्ने गरेको स्पष्ट हुन्छ।

सत्तरी वर्षदेखि, अन्तर्राष्ट्रिय परिस्थिति जे जसरी परिवर्तन भए तापनि, चीन र नेपाल सधैं एकअर्काप्रति सम्मान र समान व्यवहार गर्दै आएका छन्। नेपालले एक चीन सिद्धान्तलाई अपनाएको छ, र चीनले सधैं नेपालको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डतालाई सम्मान गर्दैआएको छ। आपसी हितको सम्मान नै दुवै देशको सम्बन्ध स्थिर र दीर्घकालीन बनाउने आधार हो।

मित्रता तब मात्र दीर्घकालीन हुन्छ जब त्यसको आधार विश्वास हुन्छ र परस्पर लाभ र एक अर्काको संवेदनशीलताको सम्मान हुन्छ। यही आधारमा नेपाल चीन सम्बन्ध आगामी दशकहरूमा पनि शान्ति, स्थिरता, विकास र समृद्धिको सशक्त आधार बन्ने अपेक्षा गर्न सकिन्छ। ७१औं कूटनीतिक सम्बन्ध दिवसको यस ऐतिहासिक अवसरमा दुवै देशले विगतको गौरवलाई सम्मान गर्दै भविष्यलाई अझ उज्ज्वल र समृद्ध बनाउन सकुन्।

## डलरको लोभमा फेसबुक रिलमार्फत साम्प्रदायिक

प्रतिवेदन अनुसार आचारसंहिता विपरीत ठहर भएका कुल ९० सामग्रीको वर्गीकरण गर्दा रिलबाहेक फेसबुक पोस्ट तथा तस्बिर २० वटा, समाचार वेबसाइटका लिङ्क ४ वटा, युट्युबका भिडियो २ वटा र फेसबुक लाइभ भिडियो २ वटा रहेका छन्।

काउन्सिलले बिबिसी नेपाली जस्ता स्थापित सञ्चार माध्यमका सामग्रीलाई समेत 'नोटिस' मा राखेर अनुगमन गरिरहेको प्रतिवेदनले देखाउँछ।

प्रेस काउन्सिल नेपालले सुनसरी जिल्ला लगायत पूर्वी नेपालमा हालै घटेका संवेदनशील घटनाका विषयमा अफवाह फैलाउने र साम्प्रदायिक सद्भाव बिथोल्ने गरी सामग्री सम्प्रेषण गर्ने सञ्चार माध्यम र सोसल मिडिया एकाउन्ट/पेज माथि कडा निगरानी र कारबाही सुरु गरेको हो।

२०७ वटा सामग्रीको स्वअनुगमन गरिएकोमा ९० वटा सामग्री आचारसंहिता प्रतिकूल देखिएका हुन्।

यसअन्तर्गत ३४ वटा मिडियाका ५९ वटा र २ वटा दर्ता नभएका सामाजिक सञ्जाल एकाउन्टर/पेजका दुई वटा सामग्रीलाई तत्काल हटाउन टेलिफोनमार्फत निर्देशन दिएकोमा ३१ वटा मिडिया र २ वटा दर्ता नभएका सोसल मिडिया पेजले निर्देशन पालना गरी सामग्री हटाएका छन्।

पत्रकार आचारसंहिता विपरीतका सामग्री हटाउन अटेर गर्ने १८ वटा सोसल मिडिया पेज/एकाउन्टलाई भने कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्युरोमा पत्राचार गरिएको छ।

काउन्सिलले मिडियाअन्तर्गत आबद्ध नभएका २० वटा सोसल मिडियामध्ये १८ वटा सामाजिक सञ्जालका २५ वटा गम्भीर प्रकृतिका सामग्री अनुसन्धान गरी कारबाही गर्न साइबर ब्युरोमा पत्राचार गरेको हो।

काउन्सिलले यस्ता सामग्री सम्प्रेषण गर्ने ३४ वटा मिडियालाई सचेत गराएको छ भने १८ वटा गैर-मिडिया पेजहरूलाई कानुनी कारबाहीका लागि प्रहरीको जिम्मा लगाएको छ।

यसअघि साउन १२ गते नै काउन्सिलले विज्ञप्ति जारी गरी अपुष्ट सूचना, अफवाह र घृणात्मक अभिव्यक्ति सम्प्रेषण नगर्न आग्रह गरेको थियो।

साउन १३ गतेको अनुगमनमा १५ मिडियालाई सामग्री हटाउन निर्देशन दिइएकोमा ७ वटाले तत्काल पालना गरेका थिए भने बाँकी ७ मिडियालाई २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरिएको थियो।

मौखिक निर्देशन पालना नगर्ने ६ वटा सामाजिक सञ्जाललाई सोही दिन साइबर ब्युरो पठाइएको काउन्सिलले जनाएको छ।

प्रेस काउन्सिल नेपालका सहप्रवक्ता रामशरण बोहराले जारी गरेका विज्ञप्तिमा समाचार, तस्बिर वा भिडियो सम्प्रेषण गर्दा तथ्य र मानवीय संवेदनशीलतालाई ध्यान दिन आग्रह गरिएको छ।

साम्प्रदायिक सद्भावमा प्रतिकूल असर पार्ने सामग्री हटाउन र समाजलाई थप अस्थिर बनाउने कार्यमा सहयोग नगर्न काउन्सिलले अनुरोध गर्दै कुनै पनि सामग्री सेयर गर्नुअघि त्यसको सत्यता पुष्टि गर्न पुनः ध्यानाकर्षण गराएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
*बिहान १० बजे देखि ५ बजेसम्म*
**अपन दैनिक पत्रिका**

